म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ४४ सोमबार २७ भदौ २०७९ ने. सं. ११४२ ञलगा 12 September, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बाढीपहिरोबाट जोगिऔं**

- जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउँछ ।
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भु-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# 'चुनावमा कसैको पैसा लिइनँ, खर्च पनि मागिनँ'

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ हेटौंडा उपमहानगरपालिकाकी मेयर आइतबार साँझदेखि चर्चामा आएकी छन् । काठमाडौंमा भएको एक कार्यक्रममा दिएको अभिव्यक्तिका कारण लामाको चर्चा चुलिएको छ ।

आइतबार अपरान्ह कान्तिपुर मिडिया ग्रुपद्वारा काठमाडौंमा आयोजित तेस्रो कान्तिपुर कन्क्लेभको 'नेतृत्वमा महिला अब पहिला' कार्यक्रममा हेटौंडाकी मेयर लामासहित, काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोल, झापाको गौरीगञ्ज गाउँपालिकाकी अध्यक्ष फूलबती राजवंशी, नुवाकोटको बिदूर नगरपालिकाकी उपमेयर प्रभा बोगटी सहभागी थिए । मञ्चमा यी चार महिला जनप्रतिनिधि बहसका लागि थिए भने दर्शक दीर्घामा पूर्वप्रधानमन्त्री तथा नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीदेखि थुप्रै राजनीतिज्ञ, विद्यार्थीहरु थिए ।

कार्यक्रम सञ्चालक प्रकृति भट्टराईले हेटौंडाकी मेयर लामालाई आफ्नै निश्चित आयस्रोत नहुँदासमेत चुनावमा लागि राखेको पाइएको भन्दै खर्च जाहो गर्न र आर्थिक सहयोग आउँछ कि आउँदैन भनेर प्रश्न सोधेकी थिइन् ।

लामाले चुनावी प्रतिस्पर्धामा जसलाई पनि जित्नु पर्ने भन्दै महिलाहरुका लागि पनि सबै कुरा प्रयोग गरेर अगाडि बढ्नुपर्ने बाध्यता रहेको सुनाएकी थिइन् । अघिल्लो निर्वाचनमा आफू उपमेयर जित्दा थोरै खर्चमै टारेको सुनाएकी थिइन् । गत ३० वैशाखमा भएको स्थानीय तह निर्वाचनमा उपमेयर हुँदा आर्थिकरुपमा कमजोर रहेको अवस्थामा मेयर लड्नुअघि परिवारसँग छलफल गरेको बताइन् ।

'मैले छोरासँग आफूसँग भएको थोरै पैसा चाहिन्छ कि म अगाडि बढेको हेर्न चाहन्छौं भनेर सोधेको थिएँ । तपाई अगाडि बढ्नुपर्छ तपाई मेयर भएको देखेपछि अरु महिलाहरुलाई पनि अगाडि बढ्न साहस हुन्छ भनेर उसले भन्यो', लामा यति भन्दा हलमा ताली बज्यो । छोराले आर्थिकरुपमा सहयोग गरेपछि आफूलाई चुनाव लड्न हौसला मिलेको उनले व्यक्त गरेकी छन् ।



श्रीमानसँग छलफल गर्दासमेत नगर प्रमुख चलाउन सक्ने भए आर्थिक चिन्ता नलिनू भन्ने जवाफले आफूलाई खुशी तुल्याएको उनको भनाइ छ । हेटौंडाको मेयरमा निर्वाचन हुँदा थोरै खर्च गरेको उनले बताइन् । आफूलाई निर्वाचनमा आर्थिक सहयोगसमेत कसैले नगरेको उनको भनाइ थियो ।

आर्थिक अभावले महिलालाई चुनाव लड्न समस्या हुन्छ कि भन्ने परे पनि हेटौंडाको मेयर जित्ने क्रममा अत्यधिक पैसा खर्च गर्न नपरेको उनले बताइन् । आफूलाई कसैले पनि निर्वाचन लड्न पैसा नदिएको र आफू पनि कसैकोमा निर्वाचनका लागि खर्च माग्न नगएको बताइन् । मतदातामा भने पैसा नभए जित्न सकिन्नँ कि भन्ने भान परेको उनले सुनाइन् । 'निर्वाचनको दुई दिनअघि महिलाहरुको हुलमा थिएँ । एक जनाले दिदी तपाई निर्वाचन हार्नुहुन्छ भन्नुभयो । मैले कसरी भनेर सोधेँ, उहाँले तपाईले पैसा खर्च गरेको छैन । तपाईलाई पैसा कसैले दिएको छैन रहेछ, त्योमाथि तपाई महिला पर्नुभयो भन्नुभयो । ठिकै छ, म महिला भएकै कारण चुनाव हार्नुपर्छ भने मुलुकमा अझै महिला आन्दोलन सकिएको रहेनछ भनेर बुझौंला भनें', लामाले यसो भनिरहँदा हलमा ताली गुन्जियो ।

लामाले कार्यक्रममा महिलाहरुले निर्वाचनमा भोगेका समस्या, पुरुषहरुबाट पाएको असहयोग, अगाडि बढ्न आइपरेका बाधा अड्चन जस्ता विषयलाई पन्छाएको सुनाउँदा धेरैले ताली पिटेका थिए । निर्वाचनमा आफूलाई बौद्धिक वर्गका केही पुरुषहरुले भेटेर मीना तपाईंले चुनाव जित्नुपर्छ भनेको सुनाइन् । 'उहाँहरुले तपाईंले चुनाव जिते मेरो छोरी, श्रीमतीको मनोबल बढ्छ । मेरो आमाले मलाई सिकाइरहनुभएको छ, मीनालाई चुनाव जिताउनुपर्छ भनेर । त्यो सुनेपछि मैले गौरब गरें', मेयर लामाले भनिन् । लामाले यसो भनिरहँदा दर्शकदीर्घामा रहेकी हिसिला यमीले प्रसन्न मुद्रामा ताली पिटेकी थिइन् । लामाका यी भनाइले पुरुषभन्दा पनि महिलाको प्रगतिमा महिला नै बाधक बन्ने गरेको बुझ्न सकिन्थ्यो ।

मेयर लामाले महिलालाई नेता मान्ने र विश्वास गर्ने वातावरण बनिरहेको बताइन् । महिलाले निर्वाचनमा जीत हासिल गर्छन् भन्ने विश्वास राजनीतिक नेतृत्व र जितेपछि राम्रो काम गर्छ भन्ने प्रभाव मतदातामा परेको आफूलाई अनुभूति भएको उनको भनाइ थियो ।

'अहिले पनि महिलालाई नेतृत्वमा ल्याउनबाट पछि हट्यो भने समाज अगाडि बढ्न सक्दैन भन्ने आभाष राजनीतिक नेतृत्व र जनतामा परेको छ', उनले भनिन् । नेताका रुपमा महिलाहरुप्रति विश्वास बढेर नै आफूले हेटौंडाको मेयरमा बिजयी हुन सकेको बताइन् । महिलालाई नेता मान्न सकेनौं र अविश्वास गरिरहँदा अगाडि बढ्न नसकिने धारणा लामाले राखिन् ।

परिवारलाई विश्वासमा नलिएसम्म सफल नेता बन्न नसकिने बताउँदै मेयर लामाले सबैभन्दा बढी महिलाले परिवार बनाउनुपर्ने बताएकी छन् । 'जबसम्म परिवारलाई विश्वास दिलाउन सकिँदैन, हाम्रो नेतृत्व सफल हुँदैन । सबै महिलाले डिग्री नै हासिल गर्नुपर्छ भन्ने छैन ।

अध्ययनशील पनि हुनुपर्छ । समसामयिक विषयमा के कुरा भइरहेका छन् भन्ने जान्नुपर्छ । आफ्नो बस्ने संस्थाको संरचना, नीति, विधान, कार्यक्रमले के भन्छ र त्यसमा मेरो कुरा के हो भन्नेबारे सचेत पनि हुनुपर्छ । म गर्न सक्छु भन्ने आत्मविश्वास हुनुपर्छ', उनले भनिन् ।

एक्लै कहिले पनि नेता हुन नसक्ने भन्दै लामाले नेतृत्वले नेतृत्व जन्माउन सक्यो कि सकेन भन्ने विषय महत्वपूर्ण रहेको बताइन् । महिला र पुरुष सबैलाई साथमा लिएर साझा नेतृत्वको अवधारणा बनाउनु पर्नेमा उनको जोड थियो ।

## आर्थिक नीति तथा योजना विभागमा उपाध्याय



हेटौंडा, २६ भदौ/ नेपाली कांग्रेस मकवानपुरले आर्थिक नीति तथा योजना विभाग प्रमुखको जिम्मेवारी महिला नेतृ अन्जना उपाध्यायलाई दिएको छ ।

कांग्रेसले विधानको धारा ३७ को उपधारा २ (२३) मा व्यवस्था भएबमोजिम आर्थिक नीति तथा योजना विभागको प्रमुखमा उपाध्यायलाई मनोनित गरेको हो । जिल्ला सभापति बुद्ध लामाले नेतृ उपाध्यायलाई मनोनित गर्दै प्रत्येक महिनाको १० गते अनिवार्य बैठक बस्न र १० जनाको सदस्यसहित ११ जनाको समिति बनाउन आग्रह गरेका छन् ।

उनले समितिका अनिवार्य तीन जना महिला हुनुपर्ने बताए । आर्थिक वित्तीय र योजना क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरु संकलन गरी आवश्यक नीति र रणनीति तयार पारी पार्टीको हितमा काम गर्ने विभाग प्रमुख उपाध्यायको भनाइ छ ।

## जलचर प्राणी संरक्षण तथा सम्बर्द्धन समिति

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ मकवानपुरमा जलचर प्राणी संरक्षण तथा सम्बर्द्धन समिति गठन भएको छ ।

आइतबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै जिल्लामा जलचर प्राणी संरक्षण तथा सम्बर्द्धन समिति गठन भएको जानकारी दिइएको हो ।

समितिमा संयोजकमा विनोद महत, सचिव नवराज खतिवडा, कोषाध्यक्ष गोकर्ण सुवेदी सदस्य कपिल खड्का, गणेशकुमार खड्के, रमेश ढकाल, अशोककुमार बर्तौला, भवनाथ अधिकारी र भीमसेन खड्का रहेका छन् । अभियानको संरक्षकमा भीमसेन महत तथा सल्लाहकारमा नरहरि महत रहेका छन् ।

मकवानपुरका नदी, नाला, खोल्सा, पानीका स्रोतहरु रहेको ठाउँमा जलचर प्राणीको संरक्षण गर्नका लागि समिति गठन गरेर काम सुरु गर्न लागिएको समितिले जनाएको छ ।

नदी, खोला, खहरेहरुमा फोहोर फाल्ने, यसको संरक्षण गर्नुको सट्टा विनास गर्न थालिएकाले यसको संरक्षणका लागि समिति गठन गरिएको संयोजक विनोद महतले बताए । समितिले योजनाबद्धरुपमा विज्ञसँग सल्लाह र सहकार्य गरेर काम गर्ने बताइएको छ ।

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

**तथास्तु शपिङ्ग मार्केटको**
शटर पसल भाडामा उपलब्ध छ
Booking Open Now !

हेटौंडा-१०, मेनरोड (वाणिज्य बैंकसंगै र नेपाल बैंकको विपरित)
९८५१११२२२७, ९८५५०६७३०३, ९८५५०६७६४७

**विषेशताहरू:**

- आफ्नै पर्याप्त पार्किङ्ग सुविधा भएको ।
- सडक मापदण्ड (३१ मि.) पूरा भएको ।
- १० वर्ष सम्मको लिखित सम्झौता हुने ।
- २४ सै घण्टा सुरक्षा गार्ड रहेको ।
- नि:शुल्क सार्वजनिक शौचालय भएको ।
- नि:शुल्क इन्टरनेट सुविधा भएको ।
- सफा र फराकिलो पसल कौल भएको ।



**सम्पूर्ण ब्राण्डका गाडी**
एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# आत्महत्या: कारण र रोकथाम

पछिल्लो समय आत्महत्याको घटनाहरु बढ्दै गएको पाइएको छ । गत तीन वर्षमा बागमती प्रदेशमा दुई हजार आठसय ७३ जनाले आत्महत्या गरेको तथ्याङ्क बाहिरिएको छ । मानसिक रोगीहरूमा आत्महत्याको जोखिम धेरै हुन्छ । अन्तर्राष्ट्रियस्तरमा भएका अध्ययनका तथ्याङ्क अनुसार आत्महत्या गरेका करिब ९० प्रतिशत व्यक्तिमा कुनै न कुनै मानसिक रोग भएको पाइएको छ । स्किजोफ्रेनिया (साइकोसिस), डिप्रेसन अनि दुर्व्यसनका बिरामीहरुमा आत्महत्याको जोखिम उच्च रहेको पाइन्छ । त्यसैले त आत्महत्याको रोकथाम र समयमै उपचार मनोचिकित्साको आपतकालीन प्राथमिक उपचारको अभ्यासमा पर्छ । समयमै आत्महत्याको आँकलन, मानसिक रोगहरुको निदान अनि विभिन्न मानसिक रोगहरूमा आत्महत्याको जोखिम बुझ्नु आत्महत्या रोक्नको लागि धेरै महत्वपूर्ण कारक मानिन्छ ।

आत्महत्याका कारकहरुमा डिप्रेसनका लक्षणहरू, आत्महत्याका प्रयासहरू, तत्काल घटेका तनाव दिने घटनाहरू, कम गुणस्तरको जीवनशैली, पुरानो तनाव, गम्भीर पारस्परिक द्वन्द्व, आत्महत्याको प्रयास वा सोच गरेका आफन्तहरू या साथीहरू पर्ने अध्ययनले देखाएको छ । यी आठ वटा कारकमध्ये यदि कुनै व्यक्तिमा २-३ कारक छन् भने आत्महत्याको सम्भावना ३० प्रतिशत, ४-५ कारक भए ८५ प्रतिशत र ६ भन्दामाथि भए ९६ प्रतिशत सम्भावना रहने अध्ययनले देखाएको छ । सबैखाले मानसिक रोग भएका बिरामीमा आत्महत्याको लागि साझा जोखिम कारकहरू भने अघिल्लो आत्महत्याको प्रयास, विगतमा परिवारमा सफल आत्महत्या वा प्रयास, गम्भीर नकारात्मक जीवन घटना वा तनाव, अविवाहित, एकल वा विधवा, पारिवारिक संघर्ष, कमजोर आर्थिक स्थिति वा बेरोजगारी, परनिर्भरता, सीमान्तकृत वा लैङ्गिक अवहेलना, गम्भीर शारीरिक अस्वस्थता, डिप्रेसन, चिन्ता आदि हुन् । लागूपदार्थ दुर्व्यसनीका बिरामीहरूमा आत्महत्याको जोखिम कारकमा २४ घन्टाभित्र अत्यधिक मादक पदार्थ सेवन, लागूपदार्थ सेवन गर्न नपाएर भएको छट्पटी र त्यसका भौतिक लक्षण, मतिभ्रमता या उदासीनता आदि पर्छन् । आत्महत्याको झन्डै एक तिहाइ कारण व्यक्तित्वजन्य अव्यवस्थाहरूका कारण हुन्छन् । व्यक्तित्वजन्य अव्यवस्थाहरूले आत्महत्याका सामान्य जोखिमका कारकहरूलाई टेवा दिन्छन् । कमजोर सामाजिक र आर्थिक अवस्था, पारिवारिक कलह जसले आत्महत्याको घटना बढ्छ । त्यस बाहेक यस्ता व्यक्तिहरूमा अक्सर गम्भीर उदासिनताका लक्षण र मादक पदार्थ दुर्व्यसन हुन्छ । यसले आत्महत्याको जोखिम झन् बढाउँछ ।

सबै आत्महत्या रोक्न सकिँदैन । तर, प्राय: आत्महत्या रोक्न सकिन्छ । समुदाय र राष्ट्रियस्तरमा धेरै जोखिमहरू कम गर्न धेरै उपायहरू अपनाउन सकिन्छ । आत्महत्या गराउन सक्ने तरिकामा पहुँच घटाउने, मानसिक समस्या भएका बिरामीको समयमै उपचार गर्ने, विगतका आत्महत्याका प्रयासका कुरा गरेर वर्तमान अवस्थाको मूल्याङ्कन गर्ने, सञ्चार माध्यमले पनि जिम्मेवारीपूर्वक सामग्री प्रसारण गर्ने, प्राथमिक स्वास्थ्य सेवा प्रदायकहरूलाई तालिम दिनेलगायत कार्य गर्नाले प्राय: आत्महत्या रोक्न सकिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ २८ गते मंगलबार १३ सेप्टेम्बर २०२२ । आश्विन कृष्णपक्ष तृतीया । ञलगा ११४२ ने.सं. । सूर्योदय ५:४८, सूर्यास्त ६:०९ । चतुर्थी श्राद्ध/गातिला

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापार लाभप्रद रहनेछ | तुला | : अहंकारको भावले काम विगार्नेछ |
| वृष | : सन्तानको चिन्ता बढ्नेछ | वृश्चिक | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| मिथुन | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | धनु | : सभा-समारोहमा अवसर मिल्नेछ |
| कर्कट | : रोकिएका काम सम्पादन हुनेछन् | मकर | : आत्मविश्वासमा कमी आउनेछ |
| सिंह | : पठन-पाठनमा प्रगति हुनेछ | कुम्भ | : व्यापारमा हानि हुन सक्नेछ |
| कन्या | : परिवारमा सुखद माहौल रहनेछ | मीन | : समाजमा सराहना हुनेछ |

# भुइँको टिप्न खोज्दा पोल्टाबाट खसेको नेपाली कृषि



✍ उद्धव अधिकारी

१७ खर्ब ९३ अर्ब ८३ करोड बजेट भएको मुलुकमा १७ खर्ब २० अर्ब व्यापार घाटा हुनु भनेको राष्ट्र नै असफलतातर्फ उन्मुख हुनु हो ।

नेपालमा योजनाबद्ध विकासको सुरुवात भएको वि.सं. २०१३ देखि हो । प्रथम पञ्चवर्षीय योजना (२०१३–२०१८) मा नै चारवटा उद्देश्यमध्ये उत्पादन वृद्धि गर्ने र रोजगारको अवसर जुटाउने कुरा पहिलो नम्बरमा उल्लेख गरेको पाइन्छ । त्यस अवधिमा देशको कुल जनसंख्या १ करोड पनि पुगेको थिएन । वि.सं. २०१८ मा लिइएको छैटौं जनगणनाको तथ्यांक अनुसार कुल जनसंख्या ९४ लाख १२ हजार ९९६ मात्रै थियो । जसमध्ये ९७ प्रतिशत मानिसको पेशा कृषि थियो । अपवादलाई छोड्ने हो भने उनीहरू स्वरोजगार र आत्मनिर्भर दुवै थिए ।

जतिखेर नेपालको कुल क्षेत्रफलमध्ये कृषियोग्य जमिन २० प्रतिशत मात्र थियो । मल, बीउ, प्रविधि, जनशक्ति र प्रणाली पनि आफ्नै थियो । समग्रमा गाँस, बास र कपासमा देश पूर्णतया आत्मनिर्भर थियो । यतिखेर हामी पन्ध्रौं योजना (२०७६-७७/२०८०-८१) को अवधिमा छौं । यो आवधिक योजनाले पनि नेपालको कृषि विकास व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकीकरणमार्फत उत्पादन वृद्धि गर्ने कुरा नै उल्लेख गरेको छ । जनगणना २०७८ अनुसार नेपालको जनसंख्या २ करोड ९२ लाख ९२ हजार छ ।

पछिल्लो तथ्यांक अनुसार ६० प्रतिशतलाई आधार मानेर हेर्दा १ करोड ७५ लाख किसानमध्ये ६६ वर्षपछि पनि जम्मा ८४ लाख किसान मात्र थपिएका छन् । अर्थात् जनसंख्याको आधारमा ३० प्रतिशत किसान घटेको देखिन्छ । ती अधिकांश नेपाली किसान नै हुन्, जो विदेशी भूमिमा पसिना बगाइरहेका छन् । २०६८ को तथ्यांक अनुसार कृषि योग्य जमिन वृद्धि भएर ४१ लाख २१ हजार हेक्टर पुगेको छ । यद्यपि गएको दशकमा खेतीयोग्य जमिनलाई व्यापक रूपमा घडेरीकरण गरिएको छ । जसको यकिन तथ्यांक आएको छैन । तर आजको अवस्था फरक छ ।

सरकारले लिएको नीति अनुसार उत्पादन बढाउने नाममा मल, बीउ विषादी, हर्मोन यन्त्र उपकरण र प्रविधिहरूको आयातले किसानको उत्पादन लागत झनै बढाएको छ । जसका कारण विभिन्न समयमा गरिएका सम्झौतामा टेकेर भित्रने अन्तर्राष्ट्रिय व्यावसायिक कृषि उपजहरूसँग नेपाली किसानले प्रतिस्पर्धा गर्न सकिरहेका छैनन् । फलस्वरूप कृषि प्रधान मुलुकको परिचय आयात प्रधानमा रूपान्तरण भएको छ । योजनाबद्ध विकासको सुरुवात भएको साढे ६ दशक पछि आएर कृषिमा आधारित नागरिकका आधारभूत आवश्यकता गाँस, बास, कपास सँगसँगै सिंगो देशको अर्थतन्त्र नै धरासायी अवस्थामा पुगेको छ । अघिल्लो आर्थिक वर्षमा १७ खर्ब ३४ अर्ब ऋण रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा झण्डै ३ खर्बले बढेर २० खर्ब ११ अर्ब ५८ करोड पुगेको छ । २ करोड ९१ लाख ९२ हजार ४८० नेपालीलाई भाग लगाउँदा एउटा नेपालीको थाप्लोमा ६८ हजार ९०७ ऋणभार छ र अझै यो बढ्ने क्रम जारी छ ।

आर्थिक वर्ष २०७७/७८ मा १५ खर्ब ३९ अर्ब मूल्य बराबरको वस्तु आयात भएकोमा आव २०७८/७९ मा बढेर १९ खर्ब २० अर्ब ४४ करोड पुगेको छ । जुन बढ्ने क्रम अझै जारी छ । जबकि यस अवधिमा हाम्रो निर्यात २ खर्ब ३ करोड मात्रै छ । १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट भएको मुलुकमा १७ खर्ब २० अर्ब व्यापार घाटा हुनु भनेको राष्ट्र नै असफलतातर्फ उन्मुख हुनु हो ।

विकसित देशहरूमा जस्तो अत्यधिक भूमि, ऊर्जा र रसायनमा आधारित कृषिका मोडलहरू हामी धान्न सक्दैनौं । विकसित मुलुकबाट पीएचडी गरेर फर्किएका डाक्टरहरूले बनाएको अर्थनीति नै त्रुटिपूर्ण छ । एकातिर आधुनिकीकरणमार्फत वृद्धिदरको तथ्यांकमा टेकेर मिथ्यांकमा रमाउने र अर्कोतर्फ देशको बजेटभन्दा बढी ऋणमा देशलाई फसाउने जुन नीति लिइयो यो नै देशको लागि दुर्भाग्यपूर्ण भयो ।

वृद्धि दर होइन देशमा रोजगारीको सिर्जना गर्नुपर्यो । विदेशमा भएका युवा शक्तिलाई स्वदेशमा रोजगारीको वातावरण सिर्जना गरेर नेपाल निर्माणमा फर्काउनुपर्यो । नेपालको सन्दर्भमा कृषि केन्द्रित उद्योग र योजनाहरूबाट मात्र रोजगारको दीर्घकालीन समस्याको समाधान गर्न सकिन्छ । जनशक्तिलाई निर्यात गरेर रेमिट्यान्सले देश चलाउने कुरा 'पिसाबको न्यानो' मात्रै हो ।

२०४२ सालदेखि औपचारिक रूपमा वैदेशिक रोजगारीमा जाने प्रचलनमा सुरु भएको भएतापनि वि.सं. २०५० देखिको मात्र तथ्यांक पाइन्छ । वैदेशिक रोजगार ऐन २०६५ बनेपछि विश्वका १७२ मुलुकमा श्रम स्वीकृति दिने व्यवस्था छ । नेपालमा विशेषगरी प्रजातान्त्रिक व्यवस्था लागू भएपछि भएका उद्योगधन्दाहरू बन्द हुने र वैदेशिक रोजगारले तीव्रता पाएको देखिन्छ । आव २०७६/७७ मा ३ लाख ६५ हजार ४३३ जना वैदेशिक रोजगारीमा जाँदा देशको आर्थिक अवस्था ठिकठिकै थियो । आव २०७७/७८ मा उक्त संख्या घटेर १ लाख ६६ हजार ६९८ मा झरेपछि झण्डै मृत्यु शय्यामा पुगेको देशको अर्थतन्त्र आव २०७८/७९ मा ६ लाख ३१ हजार २९० अर्थात् दैनिक १७ सय २९ किसानी पृष्ठभूमि भएका नवजवानहरूले साउदी कतार, मलेसियालगायतका मुलुकमा पसिना बगाउन थालेपछि केही बौरिए झैं भएको छ ।

वैदेशिक रोजगार घटाउने नाममा आएको कर्मकाण्डी आन्तरिक रोजगार प्रवर्धन कार्यक्रम अर्थात् प्रधानमन्त्री रोजगार कार्यक्रमले गएको ३ वर्ष (२०७६/७९) मा ३७ अर्बभन्दा बढी रकम खर्च गरिसकेको छ जसको परिणाम तपाईं हामीले देखिरहेका छौं ।

सरकार मानसिक सन्तुलन गुमाएको बटुवा जस्तै छ । उसका आवधिक योजना, नीति, रणनीति, कार्यक्रमका लक्ष्य र प्रगति प्रतिवेदनहरूलाई सूक्ष्म तरिकाले नियाल्ने हो भने हाम्रो देश कृषि उत्पादनमा आत्मनिर्भर मात्रै होइन दशकौं अघि नै कृषि उपज निर्यातमार्फत देश समृद्धिको शिखरमा पुगिसकेको अवस्था देखिन्छ । सरकार स्वयंले तोकेका हरेक लक्ष्यहरूले घाम जत्तिकै छर्लङ्ग हुने गरी प्रत्युत्पादक परिणामहरू दिइरहँदा पनि गन्तव्यहीन नीतिगत एवं कार्यक्रमगत यात्रा आजपर्यन्त जारी छ । सरकार आगामी यति वर्षमा अमूक बाली तथा वस्तुहरूको उत्पादन वृद्धि गरी दोब्बर बनाउने प्रक्षेपण गर्छ तर परिणाम ठिक विपरित आउँछ । बरू उसले नगरेको प्रक्षेपणमा भने तिनै उत्पादन दोब्बर गर्ने भनिएका बाली तथा वस्तुहरूको आयातमा अकल्पनीय वृद्धि हुन्छ । यसो हुनुमा केही बहानाबाजीहरू त होलान् तर नैतिक रूपमा जनतासामु उभिएर त्यसको जवाफ दिइरहन कसैले जरूरी देख्दैनन् ।

कृषि योग्य जमिनमा सिंचाइ सुविधा पुर्याउँछु भनेर राष्ट्रिय गौरवका आयोजनाहरूको घोषणा गरिन्छ तर तोकिएको अवधिभन्दा दोब्बर र विनियोजन भएको रकमभन्दा तेब्बर रकम पुग्दासम्म खेतमा पानी पुग्ने त कता हो कता हो पूर्वाधार निर्माणको ६०/७० प्रतिशत पनि काम सकिँदैन । कहिले वैज्ञानिक भूमिसुधार त कहिले क्रान्तिकारी भूमिसुधार भनेर संविधान लगायतका कानुनी दस्तावेजहरूमा लेखिन्छ तर आज पनि हरवाचरवा, हली गोठाला, मुक्त कमैया, कमलरीलगायत लाखौं नागरिकहरूसँग आफ्नो स्वामित्वमा एक टुक्रा जमिन पनि छैन जबकि उनीहरूको पुस्तौंदेखिको पेशा कृषि नै हो ।

राजाको पालामा भएको भूमिसुधारको कार्यान्वयन गणतान्त्रिक व्यवस्थामा पनि हुन नसक्दा ५ लाख मोहीको अवस्था जहाँको त्यहीं छ । राजनीतिक पार्टीहरू स्वयंले घोषणापत्रमा पटकपटक कबुल गरेका समस्याको समाधान होइन मुद्दा जोगाएर राजनीति गर्न चाहन्छन् ।

सरकार किसानमार्फत बाँझो जमिनलाई कसरी हराभरा बनाउने योजना होइन जमिन बाझो छोड्नेलाई जरिवाना तिराउने बेतुकको कानुन बनाउँछ । उत्पादक शक्तिको घट्दो मनोबललाई माथि उठाउने कुरा गर्दैन । युवालाई उत्पादनमा जोड्ने प्रभावकारी योजना ल्याउँदैन । कृत्रिम रसायनले मरणासन्न माटो जोगाउने, बचाउने योजना ल्याउँदैन । राज्य खानपान र आहार विहारका कारण नसर्ने रोगले थिलथिलिएको आम नेपालीको जनस्वास्थ्यको बारेमा चिन्ता लिँदैन । बरू विषयको उठान गर्नुपर्ने राज्य संचालकहरूकै प्रत्यक्ष-परोक्ष संलग्नतामा अन्नपात उत्पादन गरेर जन-जनको पेट भर्नुपर्ने खेतीपातीलाई बिक्रीको माल बनाउने कुरामा सबैको एकमत हुन्छ । देश बनाउनुपर्ने दलहरू युवा शक्तिलाई उत्पादनमूलक क्षेत्रमा लगाउनु भन्दा उत्पादनमा संलग्नहरूलाई पनि कसरी आफ्नो कार्यकर्तामा दरपिठ गर्न सकिन्छ भनेर जाल बुन्नमा नै तल्लीन छन् । किसानलाई राज्यले करदाता र दलहरूले मतदाताको रूपमा मात्र प्रयोग गरिरहेका छन् ।

यतिखेर गाउँ-गाउँसम्म बाटो पुगेको छ । बाटोलाई देश विकासको मेरूदण्ड पनि मानिन्छ तर ती बाटाहरूमार्फत हुने आर्थिक गतिविधिबाट देशले होइन, विदेशी कम्पनीले फाइदा उठाइरहेका छन् । हाम्रो रगत-पसिनाले बनेको बाटोबाट देशलाई फाइदा पुग्नुपर्थ्यो । तर आज ती बाटाहरू देशको वार्षिक बजेट बराबरको विदेशी सामग्रीहरू उपभोक्ताका घर-घरमा पुर्‍याउने माध्यम बनेका छन् । गाउँनै गाउँले भरिएको देशमा गाउँमा पैसा नपुर्याएसम्म देश विकास हुँदैन ।

दुर्भाग्य युवाहरूले मरूभूमिबाट दु:ख गरेर कमाएको पैसा पनि सोही बाटोबाट सामान बेच्न आउनेहरूलाई नै गाडी चढाएर विदेशतिरै फिर्ता गरिरहेका छौं । हो, प्रविधि निर्माणमा हामी पछाडि छौं होला । गरिब देशले ठूला ठूला यन्त्र उपकरणहरू निर्माण गर्न सकेन होला । तर गेडो खसेको ठाउँमा मानो र मानो रोपेको ठाउँमा मुरी फल्ने मुलुकमा कृषि विकासको नाममा आयातित भष्मासुर नीति अख्तियार गर्दा देशले यो दुर्गति भोग्नुपरेको जगजाहेर छ । तर हाम्रा भूपू र वर्तमान मुखियाहरूलाई विदेशीको बुई चढेर ल्याइएको कृषि विकासको नीतिगत यात्राले हामीलाई यहाँ ल्याइपुर्याएको हो भन्नेकुरा स्वीकार गर्न किन लगाइरहेका छन् ?

यथार्थ यही हो कि नेपालले दशकौंदेखि अवलम्बन गर्दै आएको कृषि विकासको मोडलले दिएको परिणाम प्रत्युत्पादक पथमा नै थियो । जसको साक्षी समय-समयमा सार्वजनिक हुने गरेका विभिन्न ऋणात्मक तथ्यांकहरू नै हुन् । उदाहरणका लागि २०६८ सालमा कृषिजन्य उपजको आयात लगभग १ खर्ब थियो जुन वार्षिक रूपमा वृद्धि हुँदै २०७८ सालसम्म आइपुग्दा उक्त अंक बढेर चौबर पुगेको छ ।

खेतीयोग्य जमिनलाई कंक्रिटको जंगलमा रूपान्तरण गर्ने, मल, बीउ प्रविधि विदेशीलाई जिम्मा लगाउने, युवाहरूलाई विदेश निर्यात गर्ने र तिनैका पसिनाले गुन्द्रुकदेखि चामलसम्म किनेर खाने अवस्थामा पुग्दैगर्दा हाम्रो लागि एउटा नेपाली उखान निकै मिल्दोजुल्दो भएको छ- नाम भने सुब्बिनी के खाएर उभिनी !'

कृषिप्रधान मुलुक भोलिको दिनमा विदेशीले खानेकुरा नबेचेको अवस्थामा भोकै मर्नुको विकल्प नहुने अवस्थामा पुग्नु चानचुने कुरा होइन । तर जसलाई यो भयंकर लाग्नुपर्ने हो, सीमित मानिसहरूलाई आफ्नो दुनो सोझ्याउँदैको फुर्सद छैन । निर्वाचितहरूलाई खोक्रो राष्ट्रवादले सर्लक्कै निलेको छ । राष्ट्रवादको पेट भित्रबाट सायद देश दुखेको देखिँदैन पनि होला ! *-साभार: अनलाइनखबर*

# समग्र विकासका लागि प्रजातन्त्र



✍ के.बी. बस्नेत

सन् १७७६ मा अमेरिकाको स्वतन्त्र संग्रामले अमेरिकालाई ब्रिटिस उपनिवेशबाट स्वतन्त्रता दिलाएन, प्रजातन्त्रको उदय पनि गरायो। अमेरिकामा कांग्रेस र सिनेट गरी दुई सदनात्मक व्यवस्था छ। यो देश आज प्रजातन्त्रका लागि विश्वमा नमुना बनेको छ।

साधारणतया कुनै पनि देशको शासन-व्यवस्थाको जिम्मेवारी एक व्यक्तिमा मात्र सीमित नभई जनतामा रहन्छ भने यसलाई प्रजातन्त्र भनिन्छ । यस्तो व्यवस्थामा जनताको विशेष महत्त्व हुन्छ ।

वस्तुत: कुनै पनि व्यक्तिलाई खान, पिउन, लाउन र प्रशस्त धनसम्पत्तिले मात्र सन्तोष प्राप्त हुँदैन । यीबाहेक उसलाई वैयक्तिक स्वतन्त्रताको चाहना हुन्छ, जुन प्रजातन्त्रमा मात्र सम्भव छ । विश्वमा आदिम युग, साम्यवादी युग, दास युग, सामन्त युग, पुँजीवादी युग आदि आए । तर, यिनीहरू अनन्त कालसम्म टिक्न सकेनन् । वास्तवमा प्रजातन्त्रको इतिहास लामो छ । जब राज्यसत्ताको उत्पत्ति भयो, तब प्रजातन्त्र स्थापना गर्ने विचार जनतामा जागृत भयो ।

मध्ययुगमा अरस्तूको समयमा युनानका जनप्रतिनिधिहरूको इच्छाअनुसार प्रजातन्त्रको बीउ रोपियो र १३ औं शताब्दीको प्रारम्भदेखि प्रजातन्त्र स्थापनाका लागि क्रान्तिहरू हुन थाले ।

यस सन्दर्भमा युरोपमा थालिएको पुनर्जागरण अभियानले जनताले क्रान्ति गरे, जसले नयाँ सोचको विकास गर्‍यो । फलत: राजनीति, विज्ञान, साहित्य, संस्कृति आदि क्षेत्रहरूमा विकासको लहर देखा पर्‍यो । बेलायतमा यस्तो राजनीतिक क्रान्ति भयो, जसमा न त रक्तपात भयो, न त निरंकुशताले टाउको उठाउन नै सक्यो । त्यस समयमा राजाको अधिकारलाई कम गरी संसदीय व्यवस्थालाई सर्वोच्चता प्रदान गरियो ।

सन् १७७६ मा अमेरिकाको स्वतन्त्र संग्रामले अमेरिकालाई ब्रिटिस उपनिवेशबाट स्वतन्त्रता दिलाएन, प्रजातन्त्रको उदय पनि गरायो । अमेरिकामा कांग्रेस र सिनेट गरी दुई सदनात्मक व्यवस्था छ । यो देश आज प्रजातन्त्रका लागि विश्वमा नमुना बनेको छ ।

सन् १७८९ मा फ्रान्समा गरिएको क्रान्तिले त्यहाँ विद्यमान निरंकुशता मात्र अन्त्य नभई प्रजातन्त्रको सुरुवात भई स्वतन्त्रता, समानता र भ्रातृत्वको सन्देश फैलाउन पनि सफल भयो । यथार्थत: विश्वमा विभिन्न समयमा विभिन्न समाजमा प्रजातन्त्र अनुभूत गराउने नमुनाहरू फरक छन् । यसलाई निम्नलिखित दुई पक्षबाट प्रष्ट पार्न सकिन्छ :

१. राष्ट्रपतीय वा संसदीय प्रजातन्त्र : राष्ट्रपतीय प्रजातन्त्रमा कुनै पनि विषयको निर्णयको अधिकार राष्ट्रपतिमा निहित हुन्छ भने संसदीय प्रजातन्त्रमा सांसद नै सबै विषयको निर्णय गर्ने संस्था भएकाले जनप्रतिनिधिहरूको धेरै महत्त्व छ । नि:सन्देह राजनीतिक संस्कार र अनुभवको राष्ट्रपतीय प्रजातन्त्र प्रणालीले सरकारको स्थायित्व र निरन्तरता ल्याउन सक्छ । तर, संसद्मा विभिन्न स्वभाव एवं क्षमताका सांसदहरूको उपस्थिति हुने हुँदा उनीहरूबीच समझदारी स्थापना गर्ने फलामको च्यूरा चपाउनेजस्तै कठिन हुन्छ ।

वस्तुत: शक्तिको निरंकुश केन्द्रीकरण प्रणालीलाई राष्ट्रपतीय प्रजातन्त्रमा राज्य प्रमुखको अधिकार प्रस्ट रूपमा निर्धारण गर्नु सान्दर्भिक हुन्छ । राष्ट्रपतिलाई निरंकुश एवं तानाशाह हुनबाट बचाउने विभिन्न राजनीतिक दलहरू सांसद र सरकार मिलेर अग्रसर हुन सके मात्र प्रजातान्त्रिक प्रणाली सफल हुन सक्छ । संसदीय प्रजातन्त्रमा जनताद्वारा चुनिएका जनप्रतिनिधिहरूले देशका लागि कानुन बनाउने, राज्य सञ्चालन र नियन्त्रण गर्छन् । जनप्रतिनिधिहरू चुन्ने अधिकार जनतामा सीमित हुँदा संसदीय प्रजातन्त्रको सफलता जनतामा आधारित हुन्छ ।

२. प्रतिनिधिमूलक तथा प्रत्यक्ष प्रजातन्त्र : यस्तो प्रजातन्त्रले सम्भव भएसम्म अधिकतम निर्णयहरूलाई सार्वभौम जनताको प्रत्यक्ष प्रभाव क्षेत्रमा पठाउँछ । उदाहरणका लागि आमधारणा, जनमत-संग्रह, जनमत सर्वेक्षण आदिका निर्णयहरूको आदेश टुङ्गो लगाउने अधिकार स्थानीय तहमा स्थानान्तरण गरेर अन्तिम निर्णय गर्ने जिम्मेवारी जनतालाई दिइन्छ । यस्तो प्रजातन्त्र आज धेरै देशमा छ । हुन त कुनै पनि शासन-व्यवस्था सम्पूर्ण जनताका लागि समर्पित भएको पाइँदैन । परन्तु, विश्वका धेरै देशमा प्रजातान्त्रिक युग भने निरन्तर रूपले सञ्चालित छन् ।

वस्तुत: प्रजातन्त्रमा पनि केही भ्रष्टाचारीहरू उच्च ओहदामा पुगेकाले यसको विरुद्धमा पनि यदाकदा विरोध नभएको होइन । तर, यस्तो विरोधले आजसम्म जनताको मत भने जित्न सकेको छैन । वास्तवमा जनताले सक्षम एवं इमानदार प्रतिनिधि चुन्न सके सुख, शान्ति, प्रगति र व्यक्तिगत स्वतन्त्रताका लागि प्रजातन्त्रको विकल्प देखिँदैन । जुनसुकै व्यक्तिले पनि स्वतन्त्रता चाहन्छ, जुन प्रजातन्त्रमा पाइन्छ । यति मात्र होइन, प्रजातन्त्रमा एकातर्फ स्वस्थ आलोचना गर्ने अधिकार हुन्छ भने अर्कातर्फ प्रत्येक व्यक्तिको रचनात्मक विचार तथा सिर्जनाहरूको कदर गरिन्छ, जुन प्रत्येक देशको समग्र विकासका लागि नितान्त आवश्यक छ । *-साभार: कारोबारडेली*

# आफ्नै गीतमा अभिनय गर्दै मदनकृष्ण श्रेष्ठ

वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ आफ्नो नयाँ गीत 'माया रोपे माया फल्छ' मार्फत दर्शक तथा स्रोतामाझ आएका छन् । गीतकार प्रमोद भट्टराई "प्रतिक" द्वारा रचना गरिएको उक्त गीतलाई कृति न्यौपाने (दिवाकर शर्मा) ले संगीतबद्ध गरेका छन् । पुरुषोत्तम सुवेदी यो गीतका संगीत संयोजक हुन् । यो गीतमा कलाकार मदनकृष्ण श्रेष्ठको सुमधुर स्वरमा मात्र होइन, यसको म्युजिक भिडिओमा उनी आफैंले अभिनय गरेका निर्देशित पारिवारिक जीवनशैली झल्किने यो गीतको म्युजिक भिडिओमा कलाकार श्रेष्ठले अभिनयमा उनलाई निक शर्मा, रिचा थापा तथा बाल कलाकार अर्नव घिमिरेले साथ दिएका छन् ।

उत्सव दाहालद्वारा छायांकन गरिएको यो गीतको भिडिओलाई विकास ज्ञवालीले सम्पादन गरेका छन् । भिडिओमा सुनील क्षेत्रीको कोरियोग्राफी छ । ओएसआर डिजिटल यूट्युब च्यानलबाट यो भिडिओ सार्वजनिक भएको हो । यो गीतको भिडिओका निर्देशक कृष्णादेव रुपाखेतीले भिडिओमा एउटा पारिवारिक कथावस्तुलाई समावेश गरेका छन् ।



निर्देशक रुपाखेतीले देशकै वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठलाई आफ्नो भिडिओमा अभिनय गराउन पाउँदा जीवनका सबैभन्दा ठूलो महत्व उपलब्धिको रुपमा लिएका छन् ।

'आफ्नै गीतमा अभिनय गर्दै मदनकृष्ण श्रेष्ठयो म्युजिक भिडिओ सार्वजनिकपछि कलाकार मदनकृष्ण श्रेष्ठ खुशी भएर निर्देशक लगायत सम्पूर्ण टिमलाई वधाइ तथा शुभकामना व्यक्त गरेका छन्। निर्देशक रूपाखेतीका अनुसार मदनकृष्ण श्रेष्ठ आफैंले गाएका गीतका भिडिओमा विरलै अभिनय गरेका छन् । *-साभार: सेतोपाटी*

# ऐना झ्यालको पुतली: सरल कथा, सुन्दर प्रस्तुति

काठमाडौं/ कफी र पपकर्न लिइसक्नुस् । चित्रहरु चल्न थालेपछि खानेकुराले डिस्टर्ब गर्न सक्छ । केही फिल्म यस्ता हुन्छन् जसलाई हेर्नु 'मेडिटेसन' गर्नुजस्तै हो । धन्यवाद- 'ऐना झ्यालको पुतली'लाई जसले दृश्यभाषाको मीठो स्वाद चखाउँछ । धेरैपछि कुनै नेपाली फिल्म हेरेर 'स्तब्ध' भइयो । २५ वर्ष पहिलेको बाल्यकाललाई फन्को मारेर आएजस्तो अनुभूति । फिल्मलाई 'टाइम ट्राभल' मेसिन मान्ने हो भने सुजित बिडारी निर्देशित क्राफ्टले दर्शकलाई सुदूर अतीतमा लैजान्छ र भविष्यप्रति इमान्दार बन्न प्रेरित गर्छ ।



एकैसाथ सरल र सुन्दर कला हुनसक्नु यसको विशेषता हो । दर्शकलाई फिल्मभित्रै पसाएर पात्रले बाँचेको जीवनलाई महसुस गराउन सक्ने खुबी यसमा छ । आत्मा र आवरणको अब्बल दृश्यभाषाको रुपमा ऐना झ्यालको पुतली स्मरणीय हुनेछ ।

जीवनमा मामुली कुराले अर्थ राख्छन् । 'ऐना झ्यालको पुतली' बाल्यकालको मामुली क्षणहरुको 'कोलाज' हो । सानो मनले भोगेका दु:ख, सुख, हाँसो, रोदन र उच्छ्वासका ठूला अनुभूतिहरु । सरल र सुन्दर कलामा बुनिएको फिल्मले वर्गीय, लैंगिक, भूगोलका असमानता र स्वतन्त्रताको 'उडान' भर्न चाहने साना मनहरुको कथा भन्छ ।

आठ कक्षा पास गरेकी किशोरी विद्या (कञ्चन चिमोरिया)को लक्ष्य सहर गएर ९ र १० कक्षा पढ्ने हुन्छ । अध्ययन र व्यक्तित्व विकासको चाहनालाई उनले घरको विपन्नतासँग सम्झौता गर्नुपर्ने हुन्छ । लक्ष्य प्राप्तिमा उनी सफल हुन्छिन् या हुँदिनन् यो कुरा थाहा पाउन फिल्म नै हेर्नुपर्छ । डेढ घण्टा लामो फिल्मको केन्द्रीय द्वन्द्वले विद्या वरपर फन्को मार्छ । केन्द्रमा प्रमुख पात्रले अभाव र गरिबीसँग गर्नुपर्ने संघर्ष चित्रण छ ।

यो एक परिवारको कथा हो जुन नेपाली विपन्न परिवारसँग जोडिएको छ । निर्देशक तथा लेखकले कथालाई समाजसँग सिधै जोडेर पात्रको चाहनामार्फत व्यवस्था र सत्तालाई प्रश्न सोधेका छन् । यो फिल्म लाखौं विद्याहरुको कथा पनि हो, जसले साना सपनालाई वर्गीय असमानाभित्र तिलाञ्जली दिनुपरेको छ । उत्कर्ष दृश्य (क्लाइमेक्स) यति जीवन्त छ कि दृश्यभाषाको सुन्दर प्रस्तुतिको रुपमा स्मरणीय हुनेछ ।

दार्शनिक अर्थमा निर्देशकले फिल्म टुंग्याएका छन् । 'रिजोलुसन' (निष्कर्ष)ले ग्रेटा थनबर्ग र मलाला युसुफजाई बन्ने सपना देख्ने ती नेपाली किशोरीको दु:खान्त नियतिलाई दर्शाएको छ । हामीले बाँचिरहेको समयको यो विडम्बना हो । एकैसाथ काठमाडौंले एउटा समय बाँच्दैछ भने संखुवासभा अर्को समय । तर घडीको सुईको कम्पास एउटै हो । फिल्मको सबैभन्दा सशक्त पक्ष यसको पटकथा हो ।

नेपाली फिल्मले जुन 'सेटब्याक' भोगिरहेको छ, 'ऐना झ्यालको पुतली'ले त्यसलाई कम्तीमा पुनरावृत्ति हुन दिएको छैन । फिल्म व्याकरण र दृश्य मनोविज्ञानको उचित संयोजनले यसलाई स्तरीय 'क्राफ्ट' बनाएको छ । बगेको पटकथामा समावेश घटनाको ट्रिटमेन्ट र डिटेलिङ उत्कृष्ट छ । पात्रबीचको सम्बन्ध, समय र द्वन्द्व तथा तिनको बहुचरित्रकरणले फिल्मको स्थापना उचित छ ।

धेरै लेयरमा चरित्रले भोगेका द्वन्द्वलाई देखाइएको छ । 'प्रोटागोनिस्ट' (प्रमुख पात्र) विधाको लडाइ परिस्थिति, परिवार, बाबुआमा र किशोर उमेरको विकसित मनोविज्ञानसँग छ । आमा (सिरु विष्ट)ले पितृसत्तात्मक समाजभित्रको महिला 'सफरिङ'लाई दर्शाएकी छन् । जड्याहाँ, काम नगर्ने र परिवारप्रति रत्तिभर गैरजिम्मेवार बाउ चरित्र समाजको रुपक हो । भाइको रुपमा वसन्त (दिनेश खत्री) शक्तिशाली छन् । विद्या र वसन्तको दिदीभाइ प्रेमले भातृत्वको 'प्रेमघृणा'युक्त सम्बन्धलाई दर्शाउँछ ।

बाङ्गे (उमेश श्रेष्ठ)को चरित्र सहरिया मजदुर बालश्रमिकको प्रतिनिधि पात्र हो । घरको किचलो सहर नसकेर पैसा कमाउने सपना देख्दै ऊ काठमाडौं पस्छ । सानो मन तर ठूलै सपना बोकेका बाङ्गेहरु काठमाडौंका इट्टा भट्टादेखि रेस्टुरेन्टमा कति होलान् जसले बालश्रमिक उन्मूलन गर्ने राज्यको मीठो नारालाई कटाक्ष गर्छन् । वस्तुगत मात्र होइन, फिल्मले विषयगत रुपमा पनि आफूलाई सशक्त तुल्याएको छ ।

नन्-एक्टरलाई लिएर फिल्म बनाउनु निर्देशक र कास्टिङ निर्देशकको खुबी हो । गैरकलाकारको पृष्ठभूमि भएर पनि (सिरु विष्ट)बाहेकले पनि चरित्रलाई न्याय गरेका छन् । हामीले विद्या चरित्रमा कञ्चनको अभिनय सूक्ष्मता, निर्दोषपन र थ्री-एक्टरको उतारचढावमा उनले प्रस्तुत गरेको भावनात्मक सम्प्रेषणलाई महसुस गर्न सक्छौं । दिनेश र उमेशको चरित्र सरल तथा शक्तिशाली छ । सफरिङ आमाको चरित्रमा सिरुको अभिनय दर्शनीय छ ।

फिल्म कति प्रिय लाग्छ भन्ने कुरा क्राफ्टको उत्कृष्टता मात्र मानक होइन, दर्शकले फिल्मको आत्मासँग आफूलाई कसरी महसुस गर्छन् त्यो महत्वपूर्ण हुन आउँछ । मुना पुस्तकमा कविता कथा छापिंदाको खुसी, कविता प्रतियोगितामा भाग लिने त्यो इच्छा, घरभित्रको त्यो हाँसो र खुशीको 'इको सिस्टम', केटाकेटीको लडाइँ, किशोरीवयमा आउने हर्मोन र विचार परिवर्तन अनि साना रमाइला क्षणसँग दर्शकले अपनत्व महसुस गर्न सक्छन् ।

पटकथा 'इन्गेजिङ' भए पनि केन्द्रीय द्वन्द्वको विकासलाई अझै उचाइमा लैजान सकेको भए फिल्म अझै सशक्त हुने थियो । मुख्य चरित्रको मनोवैज्ञानिक 'सफरिङ'लाई अझै दर्शाउन सक्नुपर्थ्यो । जेहोस् पटकथाको एउटा संरचनाभित्र बुनिएको 'ऐना झ्यालको पुतली' हेर्दा मलाई लाग्यो, यो फिल्मभन्दा एउटा सुन्दर कविता हो । 'पोएटिक न्यारेसन' महसुस हुने खालको । मार्भल फिल्मको भीएफएक्स, साउथ इन्डियन फिल्मको हिरोगिरी र बलिउडको लार्जर देन लाइफभन्दा 'ऐना झ्यालको पुतली' पोषिलो छ । कम्तीमा यसले 'अब्सोल्युट फिल्ममेकिङ' (विशुद्ध फिल्म निर्माण)को सिद्धान्तलाई पछ्याएको छ ।

प्रोडक्सन भव्य छैन तर जीवन्त छ । सहरभन्दा परको ग्रामीण वातावरणमा रहेर मानवीय संवेदनाको गहिराइमा कथा भन्छ । लोकेसनको ताजापन र गाउँले सेटिङले आँखालाई शीतल बनाउँछ । 'टाइम एण्ड स्पेस' गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदाको बेला हो जतिबेला राजसंस्था कायमै थियो । पृष्ठभूमिमा बज्ने समाचारले दर्शकलाई देश तथा विदेशको टाइमलाइनको रुपमा प्रस्तुत गरेको छ ।

दृश्य कम्पोज (छायांकन) वाचाल र सुन्दर लाग्छन् । ब्याकग्राउन्ड स्कोरले मुड सिर्जना गरेको छ । पात्रको मुड र परिस्थितिको सघनताअनुसारको ब्याकग्राउन्ड स्कोर प्रिय लाग्छ । पहिरन र श्रृंगारले दृश्य मनोविज्ञानमा भूमिका खेलेका छन् । कथा वाचनको लयसँग प्राविधिक पक्षको संयोजन महत्वपूर्ण छ ।

'गम्भीर' भनिने नेपाली फिल्ममा पछिल्लो समय दुई प्रवृत्ति देखिएका थिए ।

*पहिलो- फिल्म गम्भीर त भए तर विशेष भएनन् ।*

*दोस्रो- फिल्म सेटिङ (फिल्म स्थापना)मै सकिए ।*

कम्तीमा 'ऐना झ्यालको पुतली' यी दुई 'सेटब्याक'बाट मुक्त छ । फिल्म कथा होइन, पटकथा हो भन्ने आधारभूत व्याकरण पनि यो फिल्मले सम्झाएको छ । नेपाली फिल्ममा नजरअन्दाज गरिएका यी साना पक्षलाई टिपेर बनाइएको 'ऐना झ्यालको पुतली' दर्शनीय अवश्य छ ।

तपाईं फिल्मरुपी 'टाइम ट्राभल'मार्फत बाल्यकाललाई फन्को मार्न चाहनुहुन्छ भने 'ऐना झ्यालको पुतली' तपाईंलाई रुचिकर हुनसक्छ । यसले तपाईंलाई बाल्यकालसँग नोस्टाल्जिक मात्र तुल्याउँदैन, त्यो समयको उतारचढावसँग यात्रा पनि गराउँछ । निष्कर्षमा, 'ऐना झ्यालको पुतली' हाम्रो समयको उत्कृष्ट फिल्म हो । -साभार: अनलाइनखबर

# बाघको आक्रमणबाट एक जनाको मृत्यु

चितवन (रासस) / माडीमा बाघको आक्रमणबाट एक वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा माडी नगरपालिका-२ ढिकुनका ६८ वर्षीय सूर्यनाथ अधिकारी रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार शनिबार भैंसी चराउन सामुदायिक वनमा गएका अधिकारीलाई बाघले आक्रमण गरेको हो ।

शनिबारदेखि हराएका अधिकारी आइतबार बिहान ८:३० बजे मृत भेटिएका हुन् । शव मध्यवर्ती सामुदायिक वन अमिलियामा बाघले



आक्रमण गरेकोजस्तो देखिएको अवस्थामा भेटिएको कार्यालयले जनाएको छ । शव परीक्षणका लागि भरतपुर अस्पताल ल्याइएको छ ।

# आदिवासी जनजाति महासंघ काभ्रेको अध्यक्षमा भुजेल

बनेपा- (रासस) / नेपाल आदिवासी जनजाति महासंघ काभ्रेपलाञ्चोकको अध्यक्षमा सुरेश भुजेल चयन भएका छन् ।

शनिवार बनेपामा सम्पन्न चौथो जिल्ला अधिवेशनले उनको अध्यक्षतामा १९ सदस्यीय नयाँ समिति गठन गरेको हो ।

समितिको वरिष्ठ उपाध्यक्षमा साधुराम राना, उपाध्यक्ष होमराज माझी र श्रीकृष्ण पहरी, सचिव हरिचन्द्रलामा र सहसचिव पुनमाया कर्माचार्य श्रेष्ठ तथा शम्भुबहादुर गुरुङ चयन भएको छ भने कोषाध्यक्ष पहिलो बैठकले मनोनित गर्ने जनाइएको छ । यसैगरी सदस्यमा क्रमश: रेशम माझी, तिब्बत दर्लामी मगर, जमुना भुजेल, देव लामा, भुपालसिंह तामाङ, लालबहादुर वाइबा, छेवाङ लामा, सीताराम लामा र राजकुमार लामा चयन भएको छ ।

नेपाल आदिवासी जनजाति महासंघका उपाध्यक्ष युवराज जिरेल, नेपाल तामाङ घेदुङका उपमहासचिव हर्क लामा र महासङ्घ काभ्रेका पूर्वअध्यक्ष कान्छाराम तामाङले संगठन निर्माण, विस्तार र प्रशिक्षणलाई नेतृत्वले जोड दिन आवश्यक रहेको बताए ।

# तीन वर्षमा 'मिनी रङ्गशाला'को ३३ प्रतिशत काम

चौतारा, २६ भदौ (रासस)/ सिन्धुपाल्चोकको सदरमुकाम चौताराको टुँडिखेलमा अत्याधुनिक 'मिनी' रङ्गशाला निर्माण थालिएको तीन वर्षमा ३३ प्रतिशत मात्रै काम भएको छ ।

बागमती प्रदेश सरकारको गौरवको आयोजनाअन्तर्गत सार्वजनिक निर्माण कार्यान्वयन एकाइ, काभ्रेमार्फत ४१ करोड ६२ लाख लागतमा रङ्गशाला निर्माण सुरु गरिएको हो । निर्माण थालिएको तीन वर्षमा अपेक्षाअनुसार काम अघि बढ्न सकेको छैन ।

जिल्लामा खेलकुद गतिविधिलाई लक्षित गरेर निर्माण सुरु गरिएको रङ्गशालाको काम साढे दुई वर्षमा सकिनेगरी सम्झौता गरिएको थियो । ठेकेदार कम्पनीको लापर्वाहीले सम्झौता सकिएको पाँच महिनासम्ममा पनि जम्मा ३३ प्रतिशत मात्र काम भएको सार्वजनिक निर्माण कार्यान्वयन इकाइ भैंसेपाटीका प्रमुख डा चन्द्रप्रसाद लुइँटेलले जानकारी दिए ।

उनका अनुसार रङ्गशालाको पूर्वपश्चिम र उत्तरतर्फ दर्शक बस्ने 'प्यारापिट', 'स्टेयर्स', 'सब्टिचुसेन एरिया', सञ्चार क्षेत्र, 'चेन्जिङ रुम', 'फिजियोथेरापी रुम', 'रेफ्री रुम' र 'भिआइपी' व्यक्तिका लागि विशेष रुम निर्माण गर्ने योजनारहेको छ । ठेकेदारले ढिलासुस्तीका कारण निर्माणको काम लम्बिएको छ ।

रङ्गशालाको हालसम्म छ वटा प्यारापिटमा दुई निर्माणको चरणमा छ भने तीन वटा 'प्यारापिट'को काम सुरु नै भएको छैन । प्रदेश सरकारले छ हजार पाँच सय दर्शक क्षमता भएको रङ्गशाला निर्माण गर्न लागेको हो । रङ्गशाला निर्माणका लागि टक्सार/शान्तिदेवी जेभीले ठेक्का पाएको छ । समयमै रङ्गशालाको निर्माण सम्पन्न हुन नसक्दा सुन्दर टुँडिखेल कुरुप बनेको स्थानीय होटल व्यवसायी रामचन्द्र नेपालले बताए । उनका अनुसार निर्माणका क्रममा निस्किएको माटोले पानी पर्दा टुँडिखेल हिलाम्मे हुने गरेको छ ।

जिल्ला फुटबल संघका अध्यक्ष अमृतमान श्रेष्ठले समयमै ठेकेदारले काम सम्पन्न गर्दा खेलकुद गतिविधि आयोजनामा समस्या भएको गुनासो गरे । यसअघि जिल्लास्तरका खेलकुद यही खेल मैदानमा हुने गरेको बताउँदै अध्यक्ष श्रेष्ठले भने, "अहिले केही खेलकुद गर्नुपरे लामोसाँघु पुग्नुपर्छ ।"

चौतारा नजिकै दरबार डाँडामा अर्को खेल मैदान भए पनि डाँडामा भएकाले बल हराएर गेम खेल्नै समस्या हुने गरेको उनले बताए ।

# विद्यालय हिँडेका तीन बालक बेपत्ता

तिलोत्तमा, २६ भदौ (रासस)/ बुटवलमा विद्यालय जान निस्केका तीन बालक बेपत्ता भएका छन् ।

बुटवल उपमहानगर पालिका-११ न्यू दर्गानगर का १४ वर्षीय सागर पौडेल, १५ वर्षीय प्रदीप पन्थी र १६ वर्षीय समीर लम्साल शुक्रबारदेखि बेपत्ता भएको आफन्तहरूले जनाएका छन् ।

तीमध्ये लम्साल र पौडेल बुटवलको-११ देवीनगरस्थित नवीन औद्योगिक कदरबहादुर माविको कक्षा ९ मा र पन्थी नहरपुर माविको कक्षा ८ मा अध्ययनरत थिए । शुक्रबार विद्यालय जान्छौं भनेर हिँडेका बालक सम्पर्कमा नआएपछि आफन्तले खोजतलासका लागि इलाका प्रहरी कार्यालय बुटवलमा निवेदन दिएका थिए ।

नवीन औद्योगिक कदर बहादुर माविका प्रधानअध्यापक प्रेमबहादुर बस्नेतले विद्यार्थी शुक्रबार विद्यालय नआएका र ती दुवै विद्यार्थी पढाइमा मध्यम खालको रहेको जानकारी दिए ।

# खेतीयोग्य जमिन बाँझो राख्न नपाइने

नवलपरासीपूर्व (मध्यबिन्दु), २६ भदौ (रासस)/ नवलपरासीपूर्वको हुप्सेकोट गाउँपालिकामा कृषियोग्य जमिन खेती नगरी लागातार दुई वर्षसम्म बाँझो राख्न नपाइने भएको छ । हुप्सेकोट गाउँपालिकाको गाउँसभाले कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो ।

संशोधित ऐनमा गाउँपालिका क्षेत्रभित्र कृषियोग्य जमिन बाँझो रहेका खण्डमा कुनै फार्म, कम्पनी वा गाउँपालिकालाई करारमा दिनुपर्ने उल्लेख गरिएको छ ।


गाउँपालिका क्षेत्रभित्र कृषियोग्य जमिन लगातार दुई वर्षसम्म बाँझो राखेमा गाउँपालिकाले आर्थिक ऐनमा तोकिएबमोजिमको जरिवाना लगाउनसक्ने जनाइएको छ । गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन यस्तो नीति अख्तियारी गरिएको गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताए ।

कृषि क्षेत्रमा विभिन्न तालिम, विनाधितो ऋिण, अनुदानसहित कार्यक्रम सञ्चालन गरिएकाले कुनै खेतीयोग्य जमिन बाँझो नराखी उत्पादन गर्ने लक्ष्य लिइएको अध्यक्ष पाण्डेले बताए ।

कृषि तथा पशु उत्पादनका क्षेत्रमा गाउँपालिकाले विशेष बजेट व्यवस्था गरेको बताउँदै दूध उत्पादन र पशुपालनमा पनि अनुदानको व्यवस्था गरिएको बताए ।

हुप्सेकोट गाउँपालिकाको दोस्रो गाउँसभाको प्रथम अधिवेशनले हुप्सेकोट गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को प्रथम संशोधन प्रस्तावसहित तीनवटा ऐनलाई पारित गरेको छ ।

# 'मातातीर्थ गोल्डकप' असोज ३ गतेदेखि



काठमाडौं/ काठमाडौंको चन्द्रागिरि नगरपालिका वडा नं ६ मातातीर्थमा 'मातातीर्थ गोल्डकप फुटबल प्रतियोगिता-२०७९' हुने भएको छ ।

मातातीर्थ संरक्षण तथा विकास संस्थाको आयोजनामा आगामी असोज ३ गतेदेखि १७ गतेसम्म उक्त प्रतियोगिता हुन लागेको हो । उक्त प्रतियोगितामा देशभरका ३० भन्दा बढी क्लबको सहभागिता रहने आयोजकले जनाएको छ । आगामी भदौ २८ गतेसम्म टिम दर्ता गरिसक्नुपर्ने उक्त प्रतियोगितामा प्रत्येक टिमबाट १० हजार दर्ता शुल्क तोकिएको छ । प्रतियोगितामा प्रथम हुने टिमलाई दुई लाख नगद पुरस्कार, मेडल तथा प्रमाणपत्र, दोस्रो हुने टिमलाई एक लाख नगद पुरस्कार, मेडल तथा प्रमाणपत्र र तेस्रो हुने टिमलाई ५० हजार नगद पुरस्कार, मेडल र प्रमाणपत्र प्रदान गरिने जनाइएको छ । उक्त प्रतियोगितामा उत्कृष्ट खेलाडी, गोलकिपर र गोलकर्तालाई १० हजार नगद, मेडल तथा प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ । -साभार: इकागज

# सोह्र श्राद्ध सुरु : पितृप्रति सम्मान

महोत्तरी, २६ भदौ (रासस)/ असोज कृष्णपक्षको प्रारम्भसँगै हिन्दु परम्पराको पितृ पक्ष सुरु भएको छ । यसअघि प्रथम वार्षिक श्राद्ध (बरखी) गरिएका दिवङ्गत परिवारजनलाई सम्झेर तर्पण र पिण्ड दिइने असोज कृष्णपक्षलाई सोह्रश्राद्ध पनि भन्ने गरिन्छ ।

मैथिल हिन्दू परम्परामा यो पक्षभरि तीर्थस्थलमा गएर दिवङ्गतजनको सम्झनामा श्राद्ध गरेर तर्पण, पिण्ड दिने गरिन्छ । यस पक्षभरि (पितृपक्ष) दिवङ्गत आत्माहरू मर्त्यलोक (पृथ्वी)मा विचरण गर्न आउने र आफ्ना सन्तानले दिएको तर्पण, पिण्ड तत्काल ग्रहण गर्ने विश्वासले हिन्दू मैथिल यस अवधिमा सात्विक आचरणमा रही श्राद्ध गर्ने परम्परामा बाँधिएका कर्मकाण्डका ज्ञाताहरूको भनाइ छ । मैथिल परम्परामा पितृतर्पण प्रारम्भको एक दिनपूर्व भाद्र पूर्णिमाका दिन देवताहरूलाई आमन्त्रित गरिन्छ । यसलाई देवतर्पण भन्ने गरिएको छ ।

असोज कृष्णपक्षभरि पार्वण (महालय) र एकोपार्वण तथा तीर्थश्राद्धको परम्परा छ । यसपक्षबाहेक अन्यबेला तिथि परेका दिवङ्गतको सम्झनामा पार्वण र यसै पक्षमा तिथि परेका (दिवङ्गत भएका) पितृहरूको सम्झनामा एकोपार्वण श्राद्ध गर्ने हिन्दू मैथिल परम्परा रहेको महोत्तरीको बर्दिबास नगरपालिका-२ का बासिन्दा महेशकुमार झा बताउछन् ।

पितृपर्व मानिने यस पक्षमा भारतको विहार राज्यमा पर्ने गया तीर्थस्थलमा श्राद्ध गर्न उत्तम मानिन्छ । यस्तो सम्भव नहुँदा नजिकको तीर्थस्थलमा श्राद्ध गरेर मैथिल आफ्ना दिवङ्गतको सम्झना गर्ने गर्छन् । असोज कृष्ण प्रतिपदादेखि औंशीसम्मका १५ तिथि भए पनि पूर्णिमा तिथि हुनेको श्राद्ध पनि औंशीमा गर्न सकिने हुँदा सोह्रवटै तिथिको प्रतिनिधित्व हुने गरी यस पक्षलाई 'सोह्रश्राद्ध' भनिएको कर्मकाण्डका ज्ञाताको भनाइ छ ।

यसपक्षबाहेक दिवङ्गत हुनेहरूको तिथिमा एकोदिष्ट श्राद्ध गरिने र तिथि परेका पितृलाई एक पिण्ड दिने परम्परा छ । तर यसपक्षमा गरिने पार्वण श्राद्धमा भने मातृकुल (मावल), पितृकुल, गुरुजन र अविवाहित दिवङ्गत दिदीबहिनीलाई पनि तर्पण र पिण्ड दिइने भङ्गाहा नगरपालिका-५ सिद्धपुरका बासिन्दा रामनारायण झा बताउछन् ।

यसपक्षमै तिथि परेका (निधन भएका)हरूको सम्झनामा गरिने एकोपार्वण विधिको श्राद्धमा एकोदिष्ट र पार्वणका दुवै विधि मिश्रण रहेको उनको भनाइ छ ।

पितृपक्ष हिन्दू मैथिल परम्परामा अत्यन्त पवित्र मानिने र यस पक्षभरि आफ्ना दिवङ्गतहरूको सम्झना गर्दै सात्विक आचरणमा रहन पर्ने कर्मकाण्डीय शास्त्रीय मत छ । हिन्दू परम्परामा घरमा कुनै शुभकार्य गर्नुअघि पितृको स्मरण गर्दै नान्नीमुखी श्राद्ध गरिने परम्पराकै यो निरन्तरता भएको उनीहरूको भनाइ छ ।

# अफताब र प्रिन्सलाई स्वर्ण

काठमाडौं, २६ भदौ (रासस)/ बागमती प्रदेशका अफताब अली र बागमतीकै प्रिन्स देउलाले राष्ट्रव्यापी पुरुष/महिला तौलसमूह 'फुल कन्ट्याक्ट' कराते प्रतियोगितामा स्वर्ण पदक जितेका छन् ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा आइतबार भएको पुरुष ३५ केजीमुनि फाइनल खेलमा अफताबले बागमतीका रामशरण विकलाई पराजित गरे ।

त्यस्तै पुरुष ४० केजीमुनिको फाइनल खेलमा प्रिन्सले



बागमतीका निरोज दूधराजलाई पराजित गर्दै स्वर्ण जितको हुन । पुरुष ४५ केजीमुनि लुम्बिनीका अनमोल माझीले बागमतीका प्रभात स्याङ्तान तथा ५५ केजीमुनि बागमतीका विवेक घिमिरेले बागमतीका रविन तामाङलाई फाइनलमा हराउँदै स्वर्ण जिते ।

नेपाल आइएफकेके संघद्वारा आयोजित उक्त प्रतियोगिताको विजेता खेलाडीलाई पूर्वसांसद रामकृष्ण चित्रकार, आयोजक संघका अध्यक्ष घनश्याम श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कार वितरण गरे ।

# मृत्यु भइसकेको हेटौंडाका बालकमा डेंगु पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ हेटौंडामा विगत दुई हप्तादेखि डेंगु रोगले महामारीको रुप लिएको छ । आइतबारसम्म डेंगुबाट १ हजार ४५ जनामा संक्रमण भएको छ ।

शुक्रबारसम्म साढे ८ सय जना संक्रमण रहेको मकवानपुरमा आइतबारसम्म बढेर साढे १ हजार पुगेको स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । कार्यालयका अनुसार डेंगुबाट एक जनाको मृत्युसमेत भएको छ । मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिका-१ का १३ वर्षीय बालक हुन् ।



बालकको करिब दुई हप्ताअघि नै मृत्यु भएको थियो । मृत्युको कारण पत्ता लगाउन शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकु काठमाडौंमा गरिएको परीक्षणबाट डेंगु रोग पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए ।

मृत्यु हुनु अघि नै डेंगु पुष्टि भएपनि लामखुट्टेकै टोकाइबाट हुने जापानी इन्सेफलाइटिस संक्रमणको आशंकाले परीक्षणका लागि काठमाडौं पठाइएको थियो । तर, जापानी इन्सेफलाइटिस नभई डेंगुबाटै मृत्यु भएको रिपोर्ट आइतबार आएको घिमिरेले जानकारी दिए । उनले डेंगुबाट बच्न सबैमा आग्रह गरे । जिल्लास्थित सबैभन्दा धेरै डेंगुका बिरामी हेटौंडामा छन् । हेटौंडामा डेंगुले महामारीको रुप लिइरहेपनि यसलाई न्युनिकरण र रोकथामका लागि विभिन्न प्रयास भएका छन् । हेटौंडा अस्पतालमा डेंगु रोगको लक्षणका बिरामीको चाप बढेको छ ।

तर, चिकित्सकहरुले भाइरल ज्वरोका कारण सबैलाई डेंगु नभएको हुने सक्नेतर्फ सचेत गराएका छन् । हेटौंडा अस्पतालले डेंगुका बिरामीहरुको थप उपचारका लागि भरतपुर रिफरसमेत गर्दै आइरहेको छ । डेंगु रोगको लक्षण उच्च ज्वरो आउनु, जिउ आलश्य हुनु, वान्ता वा पेट दुख्नुलगायत हो ।

डेंगु लामखुट्टेको टोकाईबाट हुने संक्रमण हो । डेंगुबाट बच्न सबैभन्दा प्रमुख कार्य लामखुट्टेको टोकाईबाट बच्नु रहेको चिकित्सकहरुले बताएका छन् । सुत्दा अनिवार्य झुल लगाउन र घर वरपर पानी जमेका खाल्डा, फोहेर हटाउन सर्वसाधारणहरुलाई हेटौंडा उपमहानगरले आग्रह गरेको छ । देशका सात प्रदेशमध्ये बागमतीमा सबैभन्दा धेरै डेंगु रोगका बिरामी छन् । ललितपुर, काठमाडौं, चितवन, मकवानपुर लगायतका जिल्लामा डेंगुले महामारीको रुप लिएको हो । डेंगु रोगको संक्रमण मकवानपुरमा पनि दिनहुँ बढ्दै गइरहेको हो । बागमती प्रदेशमा थप एक जनाको आइतबार मृत्यु भएको छ ।

मृत्यु हुनेमा ललितपुर जिल्लाको ग्वार्को निवासी ३६ वर्षीय एक पुरुष रहेको प्रदेश स्वास्थ्य निर्देशनालय हेटौंडाले जानकारी दिएको छ । बागमती प्रदेशमा हालसम्म डेंगू संक्रमितको संख्या ८ हजार ९ सय १७ पुगेको छ । ललितपुरमा सबैभन्दा धेरै ३ हजार ७९ जना, काठमाडौंमा १ हजार ७ सय ९७, मकवानपुरमा १ हजार ४५, चितवनमा २ सय ५ र धादिङमा १ सय २१ जनामा डेंगुको संक्रमण पुष्टि भएको निर्देशनालयले जानकारी दिएको छ ।

## लागूऔषधसहित एक जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले प्रतिबन्धित लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ ।

धादिङबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले खैरो हेराइनको धुलो ७० मिलिग्राम र ३० ग्राम गाँजासहित मकवानपुरगढीबाट एक अभियुक्तलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीका अनुसार पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ९ लामसुरे बस्ने २१ वर्षीय विवेक विक छन् ।

मकवानपुरगढी गाउँपालिका-५ देउरालीस्थित प्रेमबहादुर घलानको घरमा कोही नभएको अवस्थामा खुत्रुके फुटाई पैसा चोरी गरेको भनी स्थानीयले नियन्त्रणमा लिई प्रहरीलाई खबर गरिएकोमा चेकजाँच गर्दा उनको साथबाट उक्त परिमाणको लागूऔषध बरामद भएको कार्कीले बताए ।

प्रहरीले उनको साथबाट ३ हजार एकसय ४२ रुपैयाँ नेपाली पैसा, ३० रुपैयाँ भारतीय पैसा र १ रुपैयाँ कतारी रियाल पनि बरामद गरेको जनाएको छ । पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाइएको कार्कीले बताए ।



हेटौंडा उपमहानगरपालिका-२ स्थित, घाँसीकुवा संरक्षणमा जुटेका स्थानीय । स्थानीय जंगलमा घाँसीकुवा संरक्षणका लागि स्थानीयहरुले विभिन्न विरुवा रोपेका छन् । स्थानीयहरु घाँसी कुवा संरक्षण समिति नै बनाएर उदाहरणीय कार्यका लागि अग्रसर बनेको भन्दै जनप्रतिनिधिहरुले खुशी व्यक्त गरेका छन् । -तस्बिर: साझाकुरा ।

## बस्तिपुर जेसिजद्वारा निःशुल्क आँखा जाँच शिविर




साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ बस्तिपुर जेसिज हाडिखोलाले एक दिने निःशुल्क आँखा जाँच शिविर सञ्चालन गरेको छ ।

हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोग र मनहरी गाउँपालिका वडा नम्वर ४ को समन्वयमा बस्तिपुर जेसिज हाँडिखोलाले एक दिने निःशुल्क आँखा जाँच शिविर गरेको हो ।

वडाको वनकरिया बस्ति र वडा नम्बर ३ को पश्चिमी भेगलाई लक्षित गरी आयोजना गरिएको शिविरमा एकसय जनाले आफ्नो आँखा परीक्षण गराएको बस्तिपुर जेसिजले जनाएको छ । परीक्षण गराएकामध्ये २० जनामा मोतियाबिन्दु देखिएको र उनीहरुको निःशुल्क अप्रेसन सोमबार हेटौंडा सामुदायिक आँखा अस्पतालमा हुने अस्पतालका शिविर संयोजक सुशील सिंहले बताए ।

कार्यक्रम बस्तिपुर जेसिज हाडिखोला बर्ष २०२२ का अध्यक्ष जेसी तेजप्रसाद उप्रेती (रमेश) को सभाध्यक्षता एवम् मनहरी गाउँपालिका-४ का अध्यक्ष प्रकाश थापाको प्रमुख आतिथ्यतमा कार्यक्रम भएको थियो ।

पशुपति मावि मनहरी-४ का प्रधानध्यापक भानुभक्त आचार्यको विशिष्ट आतिथ्यतामा भएको कार्यक्रमा विभिन्न स्थानीय संघ संस्थाको प्रतिनिधिहरुको आतिथ्यता रहेको थियो ।

## बज्रबाराहीमा डेढ महिनामै प्रहरी चौकी



साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा डेढ महिनाभित्रै प्रहरी चौकी निर्माण भएको छ ।

१० वर्ष अघिदेखि स्थानीयले प्रहरी चौकी माग गरेपनि हाल आएर थाहा-६ बज्रबाराहीमा अस्थायी प्रहरी चौकी बनेको हो । आइतबार जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी नायव उपरीक्षक बामदेब गौतमले चौकीको उद्घाटन गरे । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै गौतमले नागरिकको सुरक्षामा प्रहरी गम्भीर भएर निरन्तर काम गरिरहेको विश्वास दिलाएका छन् । उनले समाजमा शान्तिसुरक्षा कायम राख्न प्रहरीलाई स्थानीयले पनि सहयोग गर्नुपर्ने बताए ।

थाहा-६ का वडा अध्यक्ष राजेन्द्रभक्त श्रेष्ठको सभाध्यक्षता तथा एसपी गौतमको प्रमुख आतिथ्यतामा भएको उद्घाटन कार्यक्रममा नेकपा एमालेका नेता बिष्णु ढकाल, कल्पना बलामी, नेपाली कांग्रेस नगर सभापति प्रमोदकृष्ण जोशी, कांग्रेस नेतृ ईश्वरी शाही ठकुरी, नेकपा एकीकृत समाजवादीका ईश्वरलाल रुम्बाले धारणा व्यक्त गरेका थिए ।

## मनहरी र राक्सिराङमा विज्ञान शिक्षक समाज



साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ मकवानपुरको राक्सिराङ गाउँपालिका र मनहरी गाउँपालिकामा विज्ञान शिक्षक समाज नेपाल मकवानपुरको कार्यसमिति गठन भएको छ ।

संयुक्तरुपमा भएको भेलाले मनहरीमा ओमप्रकाश सापकोटा र राक्सिराङ गाउँपालिकामा कृष्णकुमार गुप्ताको अध्यक्षतामा कार्यसमिति गठन गरेको हो ।

राक्सिराङ भेला आयोजक समितिका संयोजक कृष्ण कुमार गुप्ताको सभाध्यक्षता र समाजका जिल्ला उपाध्यक्ष भरतप्रसाद पोखरेलको प्रमुख आतिथ्यतामा भेला भएको थियो ।

भेलामा स्वागत मन्तव्य मनहरी पालिका भेला आयोजक समितिका संयोजक ओमप्रसाद सापकोटाले गरेका थिए । समाजका जिल्ला समिति सहसचिव नितेश ठाकुर र शिक्षक राधेलाल मण्डलले कार्यक्रममा शुभकामना मन्तव्य राखेका थिए ।

भेलाले मनहरी उपाध्यक्षमा रामआशिष महतो, सचिवमा राहुल ढुंगेल, सहसचिवमा खेमप्रसाद सापकोटा, कोषाध्यक्षमा मुकेश महतो, सहकोषाध्यक्षमा शुसन बानियाँलाई जिम्मेवारी दिएको छ ।

यसैगरी, राक्सिराङ उपाध्यक्षमा रोजी रानामगर, सचिव जयराम पौडेल, सहसचिव जेनिश तामाङ, कोषाध्यक्ष सविना भारती, सहकोषाध्यक्षमा अनिता भगत, सदस्यहरुमा मनिष तामाङ, मनोज सहनी, सुब्बा घलान, मिथुन रुम्बा र नारायण महतो रहने गरी कार्यसमिति गठन भएको छ ।

## १०४ जना कोरोना संक्रमित

काठमाडौं, २६ भदौ (रासस)/ कोरोना भाइरसको संक्रमण आइतबार एक सय चार जनामा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको नियमित बुलेटिनमा तीन हजार पाँच सय ८७ परीक्षणमध्ये एक सय चार जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो ।

आइतबार दुई सय एक कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई घर फर्किएका छन् । निको हुने प्रतिशत ९८.६ प्रतिशत रहेको छ । सक्रिय संक्रमितको संख्या दुई हजार तीन सय १६ पुगेको छ । आइतबार कोरोना भाइरसको संक्रमणबाट एक जनाको निधन भएको छ । अहिलेसम्म संक्रमणबाट निधन हुनेको संख्या १२ हजार १४ पुगेको छ ।

पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौं र दुई सयभन्दा बढी संक्रमित भएको जिल्ला ललितपुर र चितवन रहेका छन् । संक्रमित शून्य भएका जिल्ला मनाङ, मुस्ताङ, जाजरकोट, हुम्ला, डोल्पा, जुम्ला, मुगु, बझाङ र दार्चुला रहेका छन् ।

होम आइसोलेशनमा दुई हजार दुई सय ३६, संस्थागत आइसोलेशनमा ८०, सघन उपचार कक्षमा १४ र भेन्टिलेटरमा एक जनाको उपचार भइरहेको छ । कोरोना भाइरस विरुद्धको खोप आठ हजार चार सय १२ जनाले खोप लगाएका छन् ।

## जागरणको वार्षिक कारोबार १७ करोड

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ ग्रामीण क्षेत्रको जागरण बचत तथा ऋण सहकारी संस्थाले गत आर्थिक वर्ष २०७८/०७९ मा १७ करोड बढीको कारोबार गरेको छ ।



मकवानपुरगढी गाउँपालिका-३ मा रहेको सहकारीले साधारणसभाबाट वार्षिक कारोबार १७ करोड ३९ लाख ६ हजार ३ सय ३८ रुपैयाँ रहेको जानकारी दिएको छ ।

मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यतामा भएको २४ औं वार्षिक साधारण सभामा कोषध्यक्ष सुमित्रा दुलालले आर्थिक प्रतिवेदन पेश गरेकी थिइन् ।

सहकारीमा १ करोड ७९ लाख ९ हजार आठसय शेयर पूँजी रहेको सहकारीमा १३ करोड ७२ लाख ३६ हजार नौसय ५८ रुपैयाँ बचत निक्षेप रहेको छ ।

साधारणसभामा उत्कृष्ट ऋणी अप्सरा स्याङ्तान, प्रभात सापकोटा, सोममाया पाखिन र राजेशकुमार जीएमलाई पुरस्कृत गरिएको थियो ।

सहकारीले आर्थिक वर्ष २०७८/०७९ मा १३ करोड ७२ लाख, ३६ हजार नौसय ५८ रुपियाँ वास्तविक निक्षेप संकलन गरेको हो । सहकारीले अघिल्लो आर्थिक वर्षमा ११ करोड, ७४ लाख, २३ हजार छसय ९४ निक्षेप संकलन गरेको थियो ।

सहकारीको हाल ७५ लाख ६६ हजार जगेडा कोष रहेको आर्थिक प्रतिवेदनमा उल्लेख छ । गाउँपालिका अध्यक्ष लामाले सहकारीले स्थानीयको जनजीविका उठाउनको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए ।

सहकारी अध्यक्ष कल्पना श्रेष्ठले साकोसमार्फत् गाउँबासीलाई आत्मनिर्भर बनाउने र सहरबासीहरुलाई सम्भावनाको खोजी गर्दै गाउँ पस्ने वातावरण सिर्जना गर्न सहकारी लागिपरेको बताएकी छन् ।

**पसल बिक्रीमा**

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

**फोन नं.: ९८४५४८७२३२**

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**प्रोपाईटर**: बिनोद शाही ☏ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**

हेटौंडा-२, चौकीटोल



**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**

**आवश्यकता**

*प्रथम पटक प्रकाशित मिति : २०७९/०५/२६*

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.को लागि तपसिलबमोजिम योग्यता पुगेका उल्लेखित कर्मचारी आवश्यकता भएकाले आवेदन दिन इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

**पद : प्रबन्धक**
**पद संख्या :** १ जना
**शैक्षिक योग्यता :** वाणिज्य संकायमा स्नातक उतीर्ण
**अनुभव/ज्ञान :** सहकारी व्यवस्थापनमा कम्तिमा २ वर्ष अनुभव भई कम्प्युटर राम्ररी चलाउन जान्ने ज्ञान भएको ।
**उमेर :** १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको
**सेवा सुविधा :** संस्थाको नियमानुसार

**पद : बजार प्रतिनिधि**
**संख्या :** केही
**योग्यता :** एसईई/एसएलसी वा सो सरह
**सेवा सुविधा :** संस्थाको नियमानुसार
**अनुभव/ज्ञान :** सम्बन्धित क्षेत्रमा ज्ञान भएको ।
**ग्राहयता :** महिलालाई विशेष ग्राहयता दिइनेछ ।
**पेश गर्नुपर्ने कागजातहरु :** निवेदन तथा व्यक्तिगत विवरण (Bio-Data), शैक्षिक योग्यता तथा नागरिकता प्रमाणपत्रको छायाँप्रति र फोटो ।

*नोट : प्रारम्भीक छनौटमा परेका उमेदवारहरुलाई अन्तर्वार्ताको लागि सहभागी गराइने छ । दरखास्त स्वीकृत गर्ने वा नगर्ने अधिकार संस्थामा निहित रहनेछ ।*

**सुन्दर बचत तथा ऋण सहकारी सस्था लि.**
**हेटौंडा-१, मकवानपुर**
**सम्पर्क**: ०५७-५२६८४९

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना